आकाशवाणी समाचार

December 9th, 2025 Tuesday

प्रमुख समाचार
१. राष्ट्रपति द्रौपदी मुर्मुद्वारा नयाँ दिल्लीमा राष्ट्रिय हस्तकला र शिल्प गुरु पुरस्कार प्रदान
२. राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा राज्यसभामा विशेष बहस आयोजना, संसदमा वन्दे मातरमको छलफलले भावी पुस्तालाई यसको वास्तविक महत्त्व र महिमा बुझ्न मद्दत गर्ने गृहमन्त्री अमित शाहको धारणा
३. लोकसभामा चुनावी सुधारको बारेमा छलफल
४. अनि भारत र दक्षिण अफ्रिका बीचको पाँच खेलको टी-२० क्रिकेट शृङ्खला आजदेखि सुरु हुँदै

1. Prez – Handicrafts Award
राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीमा राष्ट्रिय हस्तकला र शिल्प गुरु पुरस्कार प्रदान गर्नुभयो। यी प्रतिष्ठित राष्ट्रिय सम्मानहरूले असाधारण कलात्मक उत्कृष्टता र भारतको समृद्ध र विविध हस्तकला सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछन्। यस अवसरमा भेलालाई सम्बोधन गर्दै राष्ट्रपतिले कलाले मानिसहरूलाई विभिन्न संस्कृति र एकअर्कासँग जोड्ने बताउनुभयो । राष्ट्रपति मुर्मुले हस्तकला क्षेत्रमा ६८ प्रतिशत कार्यबल महिला रहेको उल्लेख गर्नुभयो। उहाँले थप भन्नुभयो, यस क्षेत्रको विकासले महिला सशक्तिकरणलाई पनि सुनिश्चित गर्नेछ।

2. RS – Bande Mataram
गृहमन्त्री अमित शाहले राष्ट्रिय गान, **वन्दे मातरम्**, देशभक्ति, बलिदान र राष्ट्रिय चेतनाको प्रतीक बनेको बताउनुभएको छ। आज राज्यसभामा वन्दे मातरम् गीतको १५० औं वार्षिकोत्सवमा छलफल सुरु गर्दै श्री शाहले संसदमा वन्दे मातरमको छलफलले भावी पुस्तालाई यसको वास्तविक महत्त्व र महिमा बुझ्न मद्दत गर्ने बताउनुभयो। उहाँले थप भन्नुभयो...

छलफलमा भाग लिँदै, राज्यसभामा विपक्षी दलका नेता मल्लिकार्जुन खड्गेले कांग्रेसले स्वतन्त्रता संग्रामको समयमा वन्दे मातरमलाई नारा बनाएको उल्लेख गर्नुभयो।

3. LS Discussion Election
लोकसभाले निर्वाचन सुधारहरूको बारेमा छलफल सुरु गरेको छ। बहस सुरु गर्दै, कांग्रेस पार्टीका मनीष तिवारीले निर्वाचन आयोगले मतदाता सूचीहरूको विशेष गहन संशोधन (SIR) लागू गर्नुको कारण प्रस्तुत गर्नुपर्ने औंल्याउनुभयो। भाजपाका संजय जयस्वालले भन्नुभयो, विपक्षीले हालै सम्पन्न बिहार चुनावमा भएको ठूलो पराजयबाट जनताको ध्यान हटाउन SIR को मुद्दा उठाइरहेको छ। उहाँले थप भन्नुभयो.....

समाजवादी पार्टीका नेता अखिलेश यादवले निर्वाचन आयोग निष्पक्ष भएमा मात्र सुधार सम्भव हुने बताउनुभयो ।

## 4. LS PM Kisan

यस वर्ष देशले ३५७ मिलियन टन खाद्यान्न उत्पादन गरेको छ, जुन गत वर्षको तुलनामा ७.६५ प्रतिशतले बढी हो। लोकसभामा प्रश्नोत्तर छलफलमा भाग लिँदै केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले किसानहरूको कडा परिश्रमका कारण यो सम्भव भएको बताउनुभयो ।

## 5. PM Surya Ghar

आवासीय क्षेत्रका लागि प्रधानमन्त्री सूर्य घर नि:शुल्क बिजुली योजना अन्तर्गत देशमा कुल ७,७५७.८ मेगावाटको छत सौर्य ऊर्जा क्षमता जडान गरिएको छ। राज्यसभामा प्रश्नोत्तरको समयमा एक प्रश्नको जवाफ दिँदै नवीकरणीय ऊर्जा राज्यमन्त्री श्रीपाद येसो नाईकले भन्नुभयो, यो योजनाले आर्थिक वर्ष २०२६-२७ सम्ममा १ करोड आवासीय घरहरूको छतमा सौर्य ऊर्जा जडान गर्ने लक्ष्य राखेको छ।

## 6. DGCA

नागरिक उड्डयन मन्त्रालयले आफ्ना वरिष्ठ अधिकारीहरूलाई एयरलाइन्स सञ्चालन र यात्रु सेवाहरूको निरीक्षण गर्न विमानस्थलहरूको भ्रमण गर्न भनेको छ। सामाजिक सञ्जाल पोस्टमा यात्रुहरूबाट प्रतिक्रिया लिएपछि मन्त्रालयले कुनै पनि त्रुटि र समस्याहरू तुरुन्तै समाधान गरिनुपर्ने बताएको छ। यसैबीच नागरिक उड्डयन महानिर्देशनालय (DGCA) ले हालैका उडान अवरोधहरू र स्थगनहरूलाई ध्यानमा राख्दै इन्डिगोलाई सबै क्षेत्रहरूमा पाँच प्रतिशतले उडान घटाउन निर्देशन दिएको छ।

## 7. India – Brunai Meeting

भारत र ब्रुनाईले आज हिन्द-प्रशान्त क्षेत्रमा शान्ति, स्थिरता र नियममा आधारित व्यवस्था कायम राख्न आफ्नो साझा प्रतिबद्धता दोहोऱ्याएको छ। नयाँ दिल्लीमा रक्षा सहयोग सम्बन्धी संयुक्त कार्य समूहको पहिलो बैठकमा, दुवै पक्षले रक्षा साझेदारीमा बढ्दो गतिलाई स्वागत गरे र संयुक्त कार्य समूह ढाँचा अन्तर्गत सहयोगको लागि संस्थागत मार्गचित्र कार्यान्वयन गर्न सहमत भए। बैठक दुई सेना बीचको आदानप्रदान र संयुक्त तालिम, समुद्री सुरक्षा सहयोग र मानवीय सहयोग जस्ता मुद्दाहरूमा केन्द्रित थियो। बैठकको सह-अध्यक्षता रक्षा मन्त्रालयका सहसचिव अमिताभ प्रसाद र ब्रुनाईका उप-स्थायी सचिव पोह कुई चुनले गर्नुभएको थियो।

## 8. Operation Sagar Bandhu

भारतले अपरेशन सागर बन्धु अन्तर्गत चक्रवात दिटवा पछि श्रीलंकालाई निरन्तर मानवीय सहयोग प्रदान गरिरहेको छ। भारतीय सेनाले श्रीलंकाली सेना र प्रशासनिक अधिकारीहरूसँग नजिकको समन्वयमा महत्वपूर्ण इन्जिनियरिङ सहयोग र उच्च गुणस्तरको चिकित्सा सेवा प्रदान गरिरहेको छ।

## 9. Sports News

अब खेल प्रसंगः **क्रिकेटमा** भारत र दक्षिण अफ्रिका बीचको पाँच खेलको टी-२० शृङ्खला आजदेखि सुरु हुँदैछ। पहिलो खेल ओडिशाको कटकस्थित बाराबती स्टेडियममा खेलिंदै छ। खेल अहिले साँझ ७ बजेदेखि सुरु भएको हो। **जुनियर महिला हक्की विश्वकपमा**, भारतले आज चिलीमा उरुग्वेको सामना गर्नेछ। महिला टोलीले हिजो आफ्नो अन्तिम छनोट खेलमा वेल्सलाई ३-१ ले पराजित गऱ्यो। **चेसमा** भारतका रमेशबाबु प्रज्ञाननन्दले FIDE सर्किट २०२५ जितेका छन्, जसले देशको एकमात्र पुरुष छनोटकर्ताको रूपमा २०२६ क्यान्डिडेट प्रतियोगितामा स्थान सुरक्षित गरेको छ। उनी आठ-सदस्यीय क्यान्डिडेटका लागि छनोट हुने सातौं खेलाडी हुन्। २०२६ क्यान्डिडेट मार्च-अप्रिलमा आयोजना हुनेछ, जसको विजेताले अर्को वर्षको अन्त्यमा विश्व च्याम्पियन डी गुकेशको सामना गर्नेछ। तीन भारतीय महिला - दिव्या देशमुख, कोनेरु हम्पी र आर. वैशाली - २०२५ महिला छनोटका लागि चयन भइसकेका छन्।

**प्रमुख समाचार पुनः एक पटकः**

१. राष्ट्रपति द्रौपदी मुर्मुद्वारा नयाँ दिल्लीमा राष्ट्रिय हस्तकला र शिल्प गुरु पुरस्कार प्रदान

२. राष्ट्रिय गीत वन्दे मातरमको १५० औं वार्षिकोत्सवमा राज्यसभामा विशेष बहस आयोजना, संसदमा वन्दे मातरमको छलफलले भावी पुस्तालाई यसको वास्तविक महत्त्व र महिमा बुझ्न मद्दत गर्ने गृहमन्त्री अमित शाहको धारणा

३. लोकसभामा चुनावी सुधारको बारेमा छलफल

४. अनि भारत र दक्षिण अफ्रिका बीचको पाँच खेलको टी-२० क्रिकेट शृङ्खला आजदेखि सुरु हुँदै